# लघु जलविद्युत आयोजनाहरूको लागी थप अनुदान सम्वन्धि मापदण्ड

नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३ को अधिनमा रही वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्दले यो मापदण्ड बनाएको छ ।

**१) योग्यता र शर्तहरु :**

यस केन्द्रको सहयोगमा निर्माणाधिन तर आर्थिक श्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ स्वीकृत भएको मिति (२०७३ जेष्ठ ४ गते) सम्म संझौता भइसकेका तर हालसम्म सम्पन्न हुन नसकेका वा प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त भएका दुर्गम क्षेत्रका लघु जलविद्युत आयोजनालाई आयोजना सम्पन्न हुने सुनिश्चितताको प्राविधिक तथा आर्थिक कारणले सम्पन्न हुन नसकेका आयोजनाहरुलाई थप अनुदान प्राप्त गर्नको लागि आवश्यक योग्यता र शर्तहरु देहाय बमोजिम हुनेछ ।

(क) आर्थिक स्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले ४ जेष्ठ २०७३ सम्म सम्पन्न हुन नसकेका लघु जलविद्युत आयोजना हुनुपर्ने ।

(ख) यस अन्तर्गत ऊर्जा उत्पादन परीक्षण कार्य सम्पन्न नभएका लघु जलविद्युत आयोजनाहरु हुनु पर्नेछ ।

(ग) प्राकृतिक प्रकोपले क्षति गरेका लघु जलविद्युत आयोजनाहरु अनुदानका लागि योग्य हुनेछन ।

(घ) उपभोक्ता समितिले गरेको कामको लागत पुनरावलोकन गर्न सकिनेछ तर जडानकर्ता वा ठेकेदार कम्पनीलाई पहिल्यै ठेक्का दिइसकेका काममा भने पुनरावलोकन हुने छैन ।

(ङ) केन्द्रले सडक मार्गबाट लैजान नसकिने र हवाई मार्गबाट लघु जलविद्युत आयोजना स्थलसम्म गरिएको ढुवानीको सुनिश्चित गर्नेछ ।

**२) खरिद प्रकृया र आवश्यक कागजात**

यस अन्तर्गतको खरिद सम्बन्धी कार्य देहाय बमोजिम हुनेछ :

(क) निवेदकले केन्द्र वा वाह्य पहुँच केन्द्र मार्फत औपचारिक निवेदन दिनु पर्नेछ ।

(ख) सम्पन्न भएको कामको मूल्याङ्कन र बाँकी कामको लागत अनुमान पुनरावलोकन केन्द्र, वाह्य पहुँच केन्द वा स्वतन्त्र परामर्शदाताबाट गरिनेछ । मूल्याङ्कनकर्ताले त्यस्ता आयोजनाको सार्वजनिक लेखापरीक्षण भएको सुनिश्चितता गर्नु पर्नेछ ।

(ग) आयोजनाको लागि संबन्धित गाउँ पालिका वा नगर पालिकाबाट सिफारिस भएको हुनु पर्नेछ ।

(घ) आयोजना प्राविधिक मूल्याङ्कन समितिबाट सिफारिस भएको हुनु पर्नेछ ।

(ङ) आयोजना केन्द्रको आयोजना स्वीकृति तथा अनुगमन समितिबाट स्वीकृत भएको हुनु पर्नेछ ।

**३) थप अनुदानको लागि आयोजना छनौट गर्नका लागि आवश्यक मापदण्डहरु**

१) थप अनुदान प्राप्त गर्नको लागि अनुसूची - १ अनुसारका आवश्यक सम्पूर्ण कागजातहरु पुरा गर्नु पर्नेछ । साथै थप अनुदान स्वीकृत गर्दा निम्नानुसारका आयोजनालाई प्राथमिकता दिइनेछ :

क) आर्थिक वर्ष २०७५/७६ मा कार्य सम्पन्न भई विद्युतिकरणको सुनिश्चितता भएका आयोजना

ख) भौगोलिक रुपमा बढी बिकट स्थानमा अवस्थित आयोजना

ग) बढी क्षमता (किलोवाट) का र बढी लाभान्वित घरधुरी रहेका आयोजना

घ) बित्तिय संस्था बाट कर्जा लिएका आयोजना

२) थप अनुदानको दोश्रो तथा अन्तिम किस्ता निकासा गर्नको लागि अनुसूची-२ अनुसारका आवश्यक कागजातहरु पुरा गर्नु पर्नेछ ।

अनुसूची - १

# थप अनुदानको स्वीकृतीका लागि आवश्यक कागजपत्रहरू

आयोजनाको नाम :

आयोजनाको क्षमता : ............. (किलो वाट),

लाभान्वित घरधुरी संख्या : ............

ठेगाना :

| क. स. | विवरण |
|---|---|
| १ | उपभोक्ता समितिले थप अनुदानको लागी समितिको निर्णय समेत दिएको निवेदन । |
| २ | थप अनुदान प्राप्त भएमा आयोजना सम्पन्न हुने मिति सहितको सुनिश्चितताको यथेष्ट प्रमाणहरु :<br>क) हाल सम्मको कार्य प्रगतिको फोटो समेतको विवरण ।<br>ख) उपभोक्ता समिति र कम्पनीको कार्य सम्पन्न गर्ने संयुक्त कार्य तालिका । |
| ३ | उपभोक्ता समिति र कम्पनी बिच भएको सम्झौताको प्रतिलिपि । |
| ४ | गा.बि.स./ गा. पा. / न.पा. बाट अनुदान रकम प्राप्त भए - नभएको उल्लेखित पत्र । |
| ५ | जि.वि.स./ जि.स.स. बाट अनुदान रकम प्राप्त भए - नभएको उल्लेखित पत्र । |
| ६ | गरिवी निवारण कोष बाट रकम प्राप्त भए - नभएको उल्लेखित पत्र । |
| ७ | उपभोक्ता समितिले नगद संकलन गरेको विवरण । |
| ८ | अन्य संस्थाको सहयोग प्राप्त भएमा सो को सम्झौताको प्रतिलिपी । |
| ९ | उपभोक्ता समितिको हाल सम्मको आय तथा व्ययको सार्वजानिक लेखापरीक्षणको प्रतिवेदन सहित उपभोक्ता समितिको बैठकको निर्णयको प्रतिलिपी । |
| १० | आयोजनाको हालसम्मको आय तथा व्ययको मान्यता प्राप्त लेखा परीक्षकबाट भएको लेखापरीक्षणको प्रतिलिपी । |
| ११ | गा.पा./न.पा. /जि.स.स. को थप अनुदान उपलब्ध गराउने सम्वन्धि सिफारिश पत्र । |
| १२ | आयोजनाको निर्माणकार्य सम्पन्न गर्न (निर्माण, ढुवानी, पुनः स्थापना वा अन्य) को लागि बिस्तृत लागत (Detail Estimate : Bill of quantity, Rate analysis, Cost estimate) को प्रमाणीकरण सहितको कागपत्रहरु । |

# थप अनुदानको दोश्रो तथा अन्तिम किस्ता निकासा गर्नको लागि आवश्यक कागजपत्रहरू

आयोजनाको नाम :...........................................

आयोजनाको क्षमता : ............. (किलो वाट),

लाभान्वित घरधुरी संख्या : ...........

ठेगाना : .........................................................

| क्र.स. | विवरण |
|---|---|
| १ | समुदायबाट दोस्रो किस्ताको रकमको भुक्तानी (रकम समेत उल्लेख गरी) जडानकर्ता कम्पनी लाई लाई भुक्तनी दिन निवेदन वा जडानकर्ता कम्पनीलाई भुक्तनी दिनु नपर्ने भएमा जडानकर्ता कम्पनीले सम्झौता अनुसार सम्पूर्ण रकमक प्रप्त गरेको पत्र समेतको निवेदन । |
| २ | उपभोक्ता समितिको हाल सम्म को आय तथा व्ययको सार्वजानिक लेखापरीक्षणको प्रतिवेदन सहित उपभोक्ता समितिको बैठकको निर्णयको प्रतिलिपि |
| ३ | आयोजनाको हाल सम्म को आय तथा व्ययको मान्यता प्राप्त लेखा परीक्षकबाट भएको लेखापरीक्षणको प्रतिलिपि |
| ४ | संबन्धित गाउँ पालिका वा नगर पालिकाको सिफारिस |
| ५ | विद्युत शक्ति उत्पादन परीक्षण फाराम |
| ६ | केन्द्र, वाह्य पहुच इकाई वा तेश्रो पक्ष द्वारा गरिएको अनुगमनको प्रतिवेदन (यस केन्द बाट स्वीकृत गुणस्तर निरीक्षण फाराम तथा कार्य सम्पन्न नापी किताब) |
| ७ | प्रत्येक संरचनाको फोटो (अनुगमनकर्ता र समुदायका प्रतिनिधी समेत देखिने) |